जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ११९ २०८२ साल मंसिर २२ गते सोमबार (8 Dec 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समानुपातिक निर्वाचन ... २ पृष्ठमा : सुडानमा द्वन्द्व तीव्र, ... ४ पृष्ठमा : स्थानीय नीति सहितको ...

## आन्तरिक राजश्व कार्यालय स्थापनाको माग राख्दै धर्ना




**दैनिक समाचारदाता राजविराज, २१ मंसिर ।**

आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै आइतबार जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिइएको छ ।

आन्तरिक राजश्व कार्यालय स्थापना संघर्ष समितिको अगुवाइमा सो कार्यालय अगाडी दुई घण्टा धर्ना दिइएको हो ।

यसअघि संघर्ष समितिले शनिबार आन्तरिक राजश्व कार्यालय स्थापनका लागि आन्दोलनका विभिन्न कार्यक्रमहरु सार्वजनिक गरेको थियो ।

आन्दोलनका कार्यक्रम अनुसार मंसिर २१ गते आइतबार विहान ११ बजे देखी दिउसो १ बजे सम्म दुई घण्टा तथा त्यसको भोलिपल्ट सोमबार २२ गते एक घण्टा थप गर्दै विहान ११ बजे देखी दिउसो २ बजेसम्म जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना दिने रहेको छ ।

यसैगरि मंसिर २३ गते सप्तरी जिल्ला भरीका सम्पुर्ण नगरपालिका/गाउँपालिका मातहतका वडा कार्यालयका साथै जिल्लाका सम्पुर्ण कार्यालय बन्द गर्ने निर्णय भएको संर्घष समितिका संयोजक मोहन कुमार यादवले बताए ।

गत कात्तिक १७ गते नेपाल सरकारले देशभरीका ३८ स्थानमा रहेका करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । करदाता सेवा कार्यालय राजविराज समेत सोही खारेजीमा परेकोले सप्तरी उद्योग बाणिज्य संघको नेतृत्वमा उक्त निर्णय बिरुद्ध तीन चरणको आन्दोलन सम्पन्न भइसकेको छ ।

तर नेपाल सरकारको राजश्व विभागको नीति अनुरुप ४० हजार करदाता भएको ठाउँमा आन्तरिक राजश्व कार्यालय स्थापना हुने प्रावधान रहकोले गठित संघर्ष समितिले आन्तरिक राजश्व कार्यालय नै स्थापनाको माग राख्दै आन्दोलन सुरु गरेको हो ।

सप्तरीमा ७२ हजार भन्दा बढी करदाता रहेका छन् । करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले बढी हो । अघिल्लो आ.व. २०८०/०८१ करिब ७७ करोड रुपैयाँ राजश्व संकलन भएको थियो । चालु आ.ब. २०८२/०८३ मा १ अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने कार्यालयको लक्ष्य रहेको छ ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

## मधेसका नवनियुक्त मुख्यमन्त्रीसहित तीन मन्त्रीद्वारा शपथग्रहण



**दैनिक समाचारदाता जनकपुरधाम, २१ मंसिर ।**

मधेस प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित तीन जना मन्त्रिले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

आइतबार आयोजित एक समारोहबीच मुख्यमन्त्री यादवलाई मधेस प्रदेशका प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए ।

मुख्यमन्त्री यादवलाई नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनमत पार्टीका प्रदेश सांसद गरी ७७ जनाको समर्थन तथा सहमतिका आधारमा मुख्यमन्त्री पदमा नियुक्त गरिएको हो ।

सोही समारोहमा नवनियुक्त तीन जना मन्त्रीलाई पद तथा गोपनीयताको शपथग्रहण गराइएको छ । जनमत पार्टीबाट अर्थमन्त्रीमा महेशप्रसाद यादव, नेपाली कांग्रेसबाट विनाविभागीय मन्त्रीमा जगीलाल राय र नेपाली कम्युनिष्ट पार्टीबाट विनाविभागीय मन्त्रीमा कनिश पटेल नियुक्त भएका छन् । उनीहरूलाई प्रदेश प्रमुख डा कर्णले शपथग्रहण गराए । सो अवसरमा विभिन्न राजनीतिक दलका नेता तथा पूर्वमुख्यमन्त्रीहरूको उपस्थिति थियो ।

## मधेस प्रदेश सरकारद्वारा अघिल्ला केही निर्णयहरू खारेज

**दैनिक समाचारदाता जनकपुर, २१ मंसिर ।**

मधेस प्रदेश सरकारले अघिल्ला केही निर्णयहरू खारेज गर्नुका साथै जिम्मेवारी हेरफेर र विपद् व्यवस्थापनसम्बन्धी कामलाई तीव्रता दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका २०८२ साउन २३ देखि २०८२ भदौ १९ गतेसम्म बसेका मन्त्रिपरिषद् बैठकबाट भएका सम्पूर्ण निर्णयहरू बदर गरेको हो ।

यस्तै २०८२ साउन २३ मा गठित मन्त्रिपरिषद्को कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालयबाट भएका नियुक्ति, जिम्मेवारी हस्तान्तरण तथा थप जिम्मेवारी तोक्ने सम्बन्धी निर्णयहरू पनि खारेज गरेको छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका प्रदेश सचिव जयकुमार श्रीवास्तवलाई अर्को व्यवस्था नभएसम्म आन्तरिक प्रशासन, आर्थिक अधिकारसहित सचिवस्तरीय जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद्ले नागरिकको जीवन रक्षालाई सर्वोच्च प्राथमिकता दिने निर्णय गर्दै आउँदो वर्षायाममा डेंगु, झाडापखाला, हैजाजस्ता रोगको नियन्त्रण, औषधि तथा आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता, साथै आवश्यक थप बजेट व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ ।

त्यसैगरी बाढी, डुबान, आगलागीलगायत प्राकृतिक विपद्का जोखिम उच्च रहेकाले पूर्वतयारी, खोज, उद्धार, राहत

*बाँकी दुई पृष्ठमा*

## २८ बुँदे माग राखी जसपाद्वारा धर्ना



**दैनिक समाचारदाता राजविराज, २१ मंसिर ।**

विभिन्न २८ बुँदे माग राख्दै संघर्षका विभिन्न कार्यक्रम गर्दै आएको जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा कार्यकर्ताले आइतबार पनि जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिएका छन् ।

कार्यालयको मुल गेटमा जसपा सप्तरीका अध्यक्ष केदार यादवको नेतृत्वमा नेता तथा कार्यकर्ताहरुले धर्नामा बसेका हुन् ।

सरकार समक्ष प्रस्तुत गरेको २८ बुँदे माग पुरा गराउन प्रशासन कार्यालय अगाडि धर्ना बसेको जिल्ला अध्यक्ष यादवले जानकारी दिए ।

विगतदेखि उठाउँदै आएको संविधान संशोधन, जातिय पहिचान आधारमा ११ प्रदेश, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रदेशलाई स्वायत्त अधिकार, स्थानीय तहको गैर-दलिय निर्वाचन, सीमान्तकृत समुदायका सबै अधिकार सुनिश्चिततासहित जेन-जी पुस्ताले उठाएको न्यायोचित मागहरु सम्बोधन गर्नुपर्ने

*बाँकी दुई पृष्ठमा*

## मुख्यमन्त्री यादवले मंसिर २४ गते विश्वासको मत लिदै

**दैनिक समाचारदाता जनकपुरधाम, २१ मंसिर ।**

मधेस प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही मंसिर २४ गते विश्वासको मत लिने भएका छन् ।

आइतबार बसेको सत्तापक्षीय सातदलीय गठबन्धनले बैठकले विश्वासको मत लिने निर्णय गरेको जसपाका प्रमुख सचेतक रामअशीष यादवले जानकारी दिएका छन् ।

## सम्पादकीय ....

### चिसोबाट बचौं र बचाऔं

देशभर जाडो बढ्दै जाँदा चिसोले जनजीवन प्रभावित बनाउनु स्वाभाविक हो। विशेषगरी तराई मधेसका जिल्लामा हुस्सु, कुहिरो र कडाकिलो चिसोले दिनदिनै क्रियाकलाप अवरुद्ध पार्ने गर्दछ। वर्षैभरि मेहनत मजदुरी गर्ने विपन्न वर्ग, खुल्ला आकाशमुनि रात बिताउने निर्वल समुदाय, बालबालिका तथा जेष्ठ नागरिक सबभन्दा बढी जोखिममा रहने समूह हुन्। तर चिसोबाट बच्ने सरल उपाय अपनाउने हो भने ठूलो जोखिम टार्न सकिन्छ।

चिसो बढ्दै गएपछि घर-घरमा न्यानो कपडा, टोपी, मोजा र ब्लाङ्केटको प्रबन्ध अनिवार्य छ। सानातिना बालबालिकालाई बिहान बेलुका बाहिर ननिकाल्ने, जेष्ठ नागरिकलाई अत्यधिक चिसो समयमा यात्रा वा बाहिरी काम नगर्न सुझाव दिनु आवश्यक छ। साना हावा नआउने कोठामा घुर बालेर बस्दा धुवाँका कारण निहुनिशासको जोखिम बढ्ने भएकाले सावधानी अपनाउनुपर्ने छ। आवश्यक परे रजाइ, ब्लाङ्केट, तातर, र चिसो नलाग्ने चप्पल प्रयोग गर्नु उपयुक्त हुन्छ।

स्थानीय तह र सरकारी निकायले पनि चिसोबाट जनसुरक्षामा ध्यान पुऱ्याउँदै राहत वितरण, स्वास्थ्य परामर्श र सचेतना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने समय यही हो। सर्वसाधारणले पनि एक-अर्कालाई सघाउँदै चिसोले निम्त्याउन सक्ने जोखिमबारे सचेत रहनुपर्छ। तसर्थ सामूहिक सतर्कता, सावधानी र आपसी सहयोगमार्फत जाडोको चुनौतीलाई सहजै सामना गर्न सकिन्छ।

## समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम सुरु

काठमाडौं, २१ मंसिर (रासस)।

प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति आउन अब ८८ दिन बाँकी छ। निर्वाचनको दिन नजिकिँदै जाँदा निर्वाचन आयोगले आवश्यक तयारीलाई तीव्र पारेको छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन आगामी फागुन २१ गते हुनेगरी समयसीमा निर्धारण गरिएको छ। निर्वाचनका लागि राजनीतिक दलहरूले आन्तरिक रूपमा तयारीलाई तीव्र पारेका छन्।

आयोगले आइतबारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम सञ्चालन गर्ने भएको छ। आइतबार बिहान १० बजेदेखि अपराह्न ४:०० बजेसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि राजनीतिक दलले आवेदन दिने समयसीमा निर्धारण गरेको छ। समानुपातिकतर्फको निर्वाचनका लागि आवेदन दिएका राजनीतिक दलको सूची भने यही मङ्सिर २४ गते प्रकाशित हुनेछ।

यसरी आवेदन दिएका राजनीतिक दलले आगामी पुस १३ र १४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा निर्धारण गरिएको छ। यस्तै, आगामी माघ ३० गते भने समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशित हुने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। कुल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सदस्य निर्वाचित हुने प्रावधान छ।

प्रत्यक्षतर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ। सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ। उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने अवधि तोकिएको छ। आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ। यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन्। सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ।

## यस्तो छ रासायनिक मल आयातको अवस्था

काठमाडौं, २१ मंसिर (रासस)।

सरकारले हालसम्म चार लाख ६५ हजार मेट्रिक टन रासायनिक मल आयातका लागि बोलपत्र भइसकेको स्पष्ट पारेको छ।

चालु आवमा पाँच लाख ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने लक्ष्य निर्धारण गरेको छ। रासायनिक मल आयातका लागि चालु आर्थिक बर्षमा रु २८ अर्ब ८२ करोड बराबरको बजेट विनियोजन गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार यही मंसिर महिनाको दोस्रो सातासम्म दुई लाख ६६ हजार पाँच सय १० मेट्रिक टन रासायनिक मल आपूर्तिको क्रममा छ। त्यसमा कृषि सामग्री कम्पनीले एक लाख ८० हजार चार सय ९१ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेशनले ८६ हजार १६ मेट्रिक टन रासायनिक मल आयात गरिरहेको छ।

कृषि सामग्री कम्पनीले ८८ हजार दुई सय १३ मेट्रिक टन युरिया, ९२ हजार दुई सय ७८ मेट्रिक टन डीएपी मल आयात गरिरहेको छ। साल्ट ट्रेडिङ कर्पोरेशनले २४ हजार चार सय ९८ मेट्रिक टन युरिया, ५३ हजार सात सय ९५ मेट्रिक टन डीएपी र सात हजार सात सय २५ मेट्रिकटन पोटास आयातको क्रममा रहेको जनाएको छ।

यस्तै, कूल ८६ हजार तीन सय ३३ मेट्रिक टन रासायनिक मल गोदाममा मौज्दात छ। मौज्दातमा रहेको मध्ये कृषि सामग्री कम्पनीमा ५७ हजार आठ सय १८ मेट्रिकटन र साल्ट टेडिङ कर्पोरेशनमा २८ हजार पाँच सय १४ मेट्रिक टन उपलब्ध छ।

यस्तै, आयातको क्रममा बाह्य मुलुकका विभिन्न मार्गमा एक लाख २० हजार पाँच सय ९७ मेटिकटन रहेको मन्त्रालयले जनाएको छ। खेतीपातीका लागि सहज रुपमा रासायनिक मल उपलब्ध गराउन सबै प्रकारका उपाय अबलम्बन गरिएको मन्त्रालयले स्पष्ट पारेको छ।

### २८ बुँदे माग ...

लगायतका माग जसपाले उठाउको छ।उक्त माग पुरा नभएसम्म आन्दोलन जारि राख्ने सो पार्टीले जनाएको छ।

### मधेस प्रदेश ...

र पुनर्स्थापनाका कार्यहरू प्रभावकारी रूपमा अघि बढाउन गृह, सञ्चार तथा कानुन मन्त्रालय, प्रदेश विपद् व्यवस्थापन कार्यसमितिलगायत सम्बन्धित निकायलाई आवश्यक समन्वय र सहकार्य गर्न निर्देशन दिइएको छ।

## विश्व समाचार

### सुडानमा द्वन्द्व तीव्र, बालबालिका र नागरिक जीवन जोखिममा

पोर्त सुडान, २१ मङ्सिर (रासस/एएफपी)।

सुडानको दक्षिण कोर्डोफान राज्यको कालोगी शहरमा सेनाको नियन्त्रणमा रहेको क्षेत्रमा भएको ड्रोन आक्रमणले एक अस्पताललाई निशाना बनाएको छ। आक्रमणमा दर्जनौं नागरिकको मृत्यु भएको स्थानीय अधिकारीहरूले आइतबार जनाएको छ। कालोगी प्रशासनिक एकाइका प्रमुख एस्साम अल-दिन अल-सैय्येदका अनुसार, आक्रमण बिहीबार तीन चरणमा भयो। "पहिलो पटक किंडरगार्टेन, दोस्रो पटक अस्पताल र तेस्रो पटक मानिसहरूले बच्चाहरूलाई उद्धार गर्ने प्रयास गर्दा हमला भयो," उहाँले भन्नुभयो। अप्रिल सन् २०२३ देखि द्वन्द्वमा हजारौंको मृत्यु भइसकेको छ भने करीव १२ लाख मानिस विस्थापित भएका छन्।संयुक्त राष्ट्र बालबालिका निकायका अनुसार, आक्रमणमा पाँचदेखि सात वर्ष उमेरका १० भन्दा बढी बच्चाहरूको मृत्यु भएको छ। रक्षामन्त्रालयले कुल मृत्यु सङ्ख्या ७९ तोकेको छ, जसमा ४३ बच्चाहरू छन्।

बालबालिका अधिकारका प्रतिनिधिले भन्नुभयो, "विद्यालयमा बच्चाहरूको हत्या हुनु बालअधिकारको भयानक उल्लंघन हो।" उहाँले सबै पक्षलाई आक्रमण रोक्न र मानवीय सहायता सुनिश्चित गर्न आग्रह गर्नुभयो। गत महिनामा ४० हजारभन्दा बढी मानिस यस क्षेत्रबाट विस्थापित भएका छन्। विश्लेषकका अनुसार, आक्रमणको उद्देश्य सेनाको मध्य सुडान वरिपरि अन्तिम सुरक्षा रेखा तोड्नु र राजधानी खार्तुमसहित प्रमुख शहरहरू पुनः कब्जा गर्नु हो।

### इरानमा आर्थिक अपराधमा मृत्युदण्ड, विश्वभर आलोचना

तेहरान, २१ मङ्सिर (रासस/एएफपी)।

इरानले आइतबार ठगी मामलामा दोषी ठहरिएका मोहम्मद रेजा गफ्फारीलाई फाँसी दिएको छ। गफ्फारी 'रेजायात खोद्रो तारावत नोविन' कम्पनीका मालिक थिए र कार किन्ने नेटवर्कमार्फत हजारौं मानिसलाई ठगी गरेको आरोपमा सर्वोच्च अदालतले उनको मृत्युदण्ड पुष्टि गरेको थियो। यो ठगी योजना सन् २०१३ मा उत्तर काजविन प्रान्तमा सुरु भएको थियो। प्रारम्भमा सस्तो मूल्यमा कार दिने वाचा गरिएको थियो र पछि यसले रियल इस्टेट र अन्य लगानी योजनामा पनि विस्तार गरेको थियो। अभियोजनले गफ्फारी र उनका सहकर्मीहरूले जनताबाट ठूलो रकम उठाएर नयाँ निक्षेपमार्फत प्रारम्भिक ग्राहकलाई फिर्ता रकम दिएको आरोप लगाएको थियो।

इरानी न्यायपालिकाका अनुसार, यस योजनामा हालको विनिमय दर अनुसार करिब तीन करोड ५० लाख डलर बराबरको रकम संलग्न थियो। यस घटनामा करिब २८ हजार उजुरीकर्ता र २८ प्रतिवादी थिए। न्यायपालिकाले भन्यो, "सर्वोच्च अदालतले मृत्युदण्ड पुष्टि गरेपछि समेत गफ्फारीले आफ्ना दायित्व पूरा गरेनन्," जसले पीडितहरूमा गम्भीर आर्थिक र मानसिक क्षति पुऱ्याएको छ। इरानमा हत्या, बलात्कार जस्ता अपराधका साथै आर्थिक अपराध र जासुसी मामलामा पनि मृत्युदण्ड लागू हुन्छ। मानवअधिकार समूह अनुसार, चीनपछि इरान विश्वमा दोस्रो सर्वाधिक मृत्युदण्ड दिने देश हो।


मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/८/२१

सिरहा जिल्ला इनर्वा गा.वि.स. वा.नं. १ जन्मस्थान भई हाल राजबिराज न.पा. वा.नं. ७ बस्ने रामचन्द्र चौधरी १ (एक) जनाले मेरो बाबु कन्तलाल चौधरीको नाममा नाप नक्सा भई दर्ता हुनसम्म छुट रहेको तपसील बमोजिमका जग्गा रहेकोमा कन्तलाल चौधरीको मिति २०४०/२/३ सालमा, निजकी एकमात्र पत्नि अम्बिका देवी चौधरी मिति २०५८/७/१५ मा मृत्यु भएको निजहरुको शेषपछि नजिकको हकवाला तीन मात्र छोराहरु काली कुमार चौधरी, राघवेन्द्र कुमार चौधरी र रामचन्द्र चौधरी मात्र रहेकोमा काली कुमार चौधरी र निजको एकमात्र पत्नि श्यामादेवी चौधरीको क्रमश: मिति २०८०।१२।३० र २०६३।८।२४ मा मृत्यू भएको देखिन आएको साथै मृतक काली कुमार चौधरीको दुई मात्र छोराहरु जयप्रकाश चौधरी र चन्द्रप्रकाश चौधरीले र राघवेन्द्र कुमार चौधरी समेत जना ३ (तीन)ले हकअंश छाडी म निवेदक रामचन्द्र चौधरीको नाममा छुट जग्गा दर्ता गरी दिन भन्ने व्यहोराको मन्जुरीनामा दिनु भएकोले मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खूलाई यस कार्यालयमा रामचन्द्र चौधरी (निवेदक संख्या एक)ले द.नं. १९७७ मिति २०८२।८।१५ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य सांध संधियारको जग्गा घूसी घूसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दाबी गर्न आउनूहोला। तोकिएको म्यादभित्र कोही कसैको उजूर/दाबी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानून बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ!

तपसील

| मृतक नम्बरीवाला ज.ध. | ज.ध.को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कन्तलाल चौधरी | मंत्रीलाल चौधरी | | सप्तरी | मैनाकडेरी | ७ | २१३ | ०-१-४ | फिल्डबूक उत्तारको कैफियत महलमा कन्तलाल चौधरीको नम्बरी हो उल्लेख रहेको। |

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कायार्लय सप्तरी

राजविराज

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।

रैती नं. २९ खुशी लाल साहु नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे हटेल बसबिट्टीको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. तरही वडा नं. ५ हाल परिवर्तित डाक्नेश्वरी न.पा. वडा नं. ३ वस्ने रामलखन साह-१ राजकुमार साह तेली-१ विष्णुदेव साह-१ समेत- ३ जनाको यस कार्यालयमा द.नं. ६४९४ मिति २०८२/०८/०१ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०८/१९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३२ | तरही | ६ | १०४ | ०-९-१९ | खुशी लाल साहु | फिल्डबुक को कैफियत महलमा यो जग्गा तरही वडा नं. ५ बस्ने खुशी लाल साहुको नम्बरी हो भनि उल्लेख रहेको र किसान महलमा कुशेश्वर साहु रौनियार जनिएको। |

भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कायार्लय सप्तरी

राजविराज

# विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।

मिति : २०८२/०८/२१

६२ नं. को रैती हीरालाल दसगर्दाको नाममा दर्ता रहेको साविक प्रगन्ना पक्री मौजे झल्हीको २०४८/०४९ मा तपसिल बमोजिम सर्वे नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक राजविराज न.पा. वडा नं. ९ हाल परिवर्तित राजविराज न.पा. वडा नं. २ वस्ने तपसिल बमोजिमका निवेदकहरुको यस कार्यालयमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०८/२१ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही मै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | सा.कि.नं. | न.पा/गा.पा | वडा नं. | कि.नं. | ज.वि. | फिल्डबुक दर्तावाला | निवेदक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २८१ | राजविराज | ८ | ४०५ | ०-०-१२ | बिपिन कुमार कर्ण | बिपिन कुमार कर्ण | |
| २. | २८१ | राजविराज | ८ | ४३० | ०-०-१७ | सिता देवी दास | सिता देवी दास | |
| ३. | २८१ | राजविराज | ८ | ४१८ | ०-०-९ | करपुरा देवी झा | करपुरा देवी | |
| . | २८१ | राजविराज | ८ | ४१७ | ०-०-७ | चन्द्र शेखर झा | चन्द्र शेखर झा | |
| ५. | २८१ | राजविराज | ८ | ४१५ | ०-०-१० | माहा देवी साह | श्रीमती महा देवी बनियाँ | |
| ६. | २८१ | राजविराज | ८ | ४२४ | ०-०-८ | सिता कुमारी देव | सिता कुमारी देव वैश्य | |
| ७. | २८१ | राजविराज | ८ | ४२५ | ०-०-११ | देयकी देवी देव | सिता कुमारी देव वैश्य | |
| ८. | २८१ | राजविराज | ८ | ४३१ | ०-०-१२ | गिता लाभ कर्ण | गिता लाभ कर्ण | |
| ९. | २८१ | राजविराज | ८ | ४०३ | ०-०-६ | शान्ती देवी कर्ण | शान्ती कर्ण | |
| १०. | २८१ | राजविराज | ८ | ४८० | ०-०-१७ | राम कुमार देव | राम कुमार देव | |
| ११. | २८१ | राजविराज | ८ | ४७९ | ०-०-११ | बिमला देवी लाल दास | श्रीमती विमल देवी लाल दास | |
| १२. | २८१ | राजविराज | ८ | ३९१ | ०-०-११ | जमुना देवी कर्ण | जमुना देवी | |
| १३. | २८१ | राजविराज | ८ | ४९२ | ०-०-१४ | कोरेसा खातुन | कोरेसा खातुन | |
| १४. | २८१ | राजविराज | ८ | ४१३ | ०-०-१० | देव सुन्दरी गिरि | श्रीमती देव सुन्दरी गिरी | |
| १५. | २८१ | राजविराज | ८ | ४२६ | ०-०-६ | रिता देवी देव | रिन्कु कुमारी देव | |
| १६. | २८१ | राजविराज | ८ | ३९५ | ०-०-१२ | कारी यादव | मिश्री लाल यादव समेत- ६ जना | |
| १७. | २८१ | राजविराज | ८ | ४९६ | ०-०-५ | फातमा खातुन | महमद सज्जाद | |
| १८. | २८१ | राजविराज | ८ | ४१४ | ०-०-१० | सुदन भुजेल अर्जुन भुजेल | सुदन भुजेल | |
| १९. | २८१ | राजविराज | ८ | ४१० | ०-०-६ | नरेश कुमार कर्ण | नरेश कुमार कर्ण | |
| २०. | २८१ | राजविराज | ८ | ४९७ | ०-०-९ | कैयुम मियाँ | कैयुम मियाँ | |
| २१. | २८१ | राजविराज | ८ | ४९० | ०-०-५ | बद्री ठाकुर | बद्री ठाकुर हजाम | |
| २२. | २८१ | राजविराज | ८ | ४०९ | ०-०-६ | सरवसीया देवी यादव | सरवसिया देवी यादव | |
| २३. | २८१ | राजविराज | ८ | ४०६ | ०-०-१४ | हिरा देवी ब्राहमणी | प्रमीला कुमारी यादव | |
| २४. | २८१ | राजविराज | ८ | ४२० | ०-०-११ | उषा देवी वैश्य | योगेन्द्र प्रसाद वैश्य | |
| २५. | २८१ | राजविराज | ८ | ४०१ | ०-०-५ | ब्रहम देव साह | ब्रहम देव साहु सोनार | |
| २६. | २८१ | राजविराज | ८ | ४७६ | ०-०-८ | हरि नारायण देव | शिला कुमारी देव | |
| २७ | २८१ | राजविराज | ८ | ४३३ | ०-०-१७ मध्ये ०-०-१० | मनोरमा दास | मनोरमा दास | |
| २८. | २८१ | राजविराज | ८ | ४३३ | ०-०-१७ मध्ये ०-०-७ | मनोरमा दास | लिला कुमारी | |
| २९. | २८१ | राजविराज | ८ | ४२३ | ०-०-७ | बिमल कुमार दास | बिमल कुमार कर्ण | |
| ३० | २८१ | राजविराज | ८ | ४२७ | ०-०-१५ | कुमदीन देवी कर्ण | कमल नारायण लाल दास | |
| ३१. | २८२ | राजविराज | ८ | ५०८ | ०-१-० | गायत्री देवी देव | गायत्री देवी वैश्य | |
| ३२. | २८२ | राजविराज | ८ | ४३५ | ०-०-१५ | शिला देवी चौधरी | सिला देवी वैश्य | |
| ३३. | २८२ | राजविराज | ८ | ३८४ | ०-०-१० | अहिल्या देवी मण्डल | अहिल्या देवी | |
| ३४. | २८२ | राजविराज | ८ | ५०७ | ०-१-१३ मध्ये उत्तर तर्फ बाट ०-०-११ | विष्णु माया पुलामी | श्रीमती रानी देवी | |
| ३५. | २८२ | राजविराज | ८ | [illegible]०७ | ०-१-१३ मध्ये दक्षिण तर्फ बाट ०-१-२ | विष्णु माया पुलामी | भजन मंडल | |
| ३६. | २८२ | राजविराज | ८ | ३८५ | ०-०-१० | माया देवी वैश्यनी | राजेन्द्र प्रसाद देव | |
| ३७. | २८२ | राजविराज | ८ | ४३४ | ०-१-८ | कृष्णा देवी उपाध्याय | हरि प्रसाद उपाध्याय | |
| ३८. | २८२ | राजविराज | ८ | ५०६ | ०-०-९ | दिपु कुमार भुजेल कुमार प्रसाद भुजेल | दिपु कुमार भुजेल कुमार प्रसाद भुजेल | |
| ३९. | २८२ | राजविराज | ८ | ४३९ | ०-१-८ | धनि लाल चौधरी | श्रीमती मंगली देवी कलवारनि | |
| ४०. | २८२ | राजविराज | ८ | ३८३ | ०-०-१० | गायत्री देवी देव | पृथ्वी राज चौधरी लक्ष्मी राज चौधरी | |
| ४१. | २८२ | राजविराज | ८ | ३८७ | ०-०-१० | राज कुमारी देवी | राज कुमारी देवी वैश्य | |
| ४२. | २८२ | राजविराज | ८ | ४३८ | ०-०-१० | मूर्ती देवी साफी | गंगाई साफी | |
| ४३. | २८२ | राजविराज | ८ | ४३७ | ०-०-१० मध्ये बीच बाट ०-०-३.५ | पंची देवी सुनार्नी सुरेन्द्र कुमार स्वर्णकार | सुरेन्द्र कुमार स्वर्णकार | |
| ४४. | २८२ | राजविराज | ८ | ५०४ ४४२ | ०-०-९ ०-०-४ | निर्मला देवी पाण्डे | निर्मला देवी पाण्डेय | |
| ४५. | २८२ | राजविराज | ८ | ४३६ | ०-०-११ | पवित्री देवी | शंकर प्रसाद देव ओम प्रकाश देव | |
| ४६. | २८२ | राजविराज | ८ | ४६४ | ०-०-५ | गुलाब देवी शर्मा बरही | गुलाब देवी शर्मा | |
| ४७. | २८२ | राजविराज | ८ | ४६३ | ०-०-३ | डोमी बखो मियाँ | हरि नारायण शर्मा | |
| ४८. | २८२ | राजविराज | ८ | ४४६ | ०-०-१६ | खटरी देवी यादव | खटरी वति यादवनी | |

किशोर कुमार राम
कार्यालय प्रमुख

# स्थानीय नीति सहितको निर्देशिका सार्वजनिक



**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

राजविराज नगरपालिकाले महिला तथा बालबालिका विरुद्ध हुने हिंसा रोकथामका लागि स्थानीय नीति सहितको निर्देशिका सार्वजनिक गरेको छ ।

लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा 'प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं' नाराका साथ आईतबार नगरपालिकाले स्थानीय नीति सहितको निर्देशिका सार्वजनिक गरेको हो ।

महिला तथा कानुन मञ्चको सहयोग, विदेह फाउण्डेशनको समन्वयमा राजविराज नगरपालिकाले आयोजना गरेको कार्यक्रममा सुचना अधिकारी सुरेश यादवले निर्देशिका सार्वजनिक गरे ।

कार्यक्रमका प्रमुख अतिथि रञ्जु ठाकुरले राजविराज नगरपालिकाले ल्याएको नीति कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन् । उनले हिंसा पीडित महिलाका लागी सेफ हाउस अपरिहार्य रहेकोले त्यसतर्फ नगरपालिकाले ध्यान दिनुपर्ने आवश्यकता औल्याइन् ।

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीनको अध्यक्षतामा आयोजित सार्वजनिकीकरण कर्यक्रममा महिला कानून विकास मञ्चकी म्यानेजर सजनी केसी, विदेह फाउण्डेशनका अध्यक्ष राघव ठाकुर, वडाअध्यक्ष सुभाषचन्द्र यादव, शशी चौधरी, कार्यपालिका सदस्य सोनी रजक लगायतकाले आ-आफ्नो धारणा राखेका थिए ।

जारी निर्देशिकामा महिला तथा बालबालिका विरुद्ध हुने हिंसा, त्यसको रोकथामका उपाय र हिंसापछि न्याय तथा पुनर्थापनाको लागि वडा स्तरबाट नै न्यायलागि पहल हुनुपर्ने उल्लेख छ ।

# एम्बुलेन्सबाट ५१ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**सर्लाही, २१ मंसिर ।**

सर्लाहीको हरिवन नगरपालिका ५ घुर्कौलीस्थित हीरालाल टोलबाट ५१ किलो गाँजा बोकेर हिँड्न लागेको एम्बुलेन्सलाई आइतबार बिहान प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार नेपाल रेडक्रस सोसाइटी रामनगर बहुअर्वाको नाममा रहेको ज.१च. १५५८ नम्बरको एम्बुलेन्स गोप्य सूचनाका आधारमा हरिवनस्थित इलाका प्रहरी कार्यालयको टोलीले नियन्त्रणमा लिएको हो ।

त्यसका चालक रौतहटको यमुनामाई गाउँपालिका ४ सरुअठाका ३७ वर्षीय सुरेन्द्र राय यादवलाई पनि पक्राउ गरिएको छ । यस्तै लालबन्दी नगरपालिका ११ हिरापुरबाट सोही नगरपालिका १४ नारायणखोलाका २५ वर्षीय गङ्गाबहादुर वाइवालाई ५२ किलो गाँजासहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण व्यवस्था मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

उपरोक्त सम्बन्धमा वादी देवकी देवी थरुनी र प्रतिवादी जिल्ला सप्तरी ना.पा. राजविराज वडा नं. ८ वस्ने छत्र बहादुर बस्नेत को छोरा विजय कुमार वस्नेत संगको मि.नं. ४२० को मोही दर्ता नामसारी र मि.नं.१७९ को मोही वाडँफाडँ मुद्धा मिति २०८२।०८।१७ गतेमा यस भूमिसुधार तथा मालपोत कार्यालयको आदेशानुसार विशेष अदालत ऐन २०५९ को दफा ९(१०) बमोजिम ३०(तिस) दिने म्याद सरहको सार्वजनिक सुचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफ्नो सवुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस कार्यालयमा अड्डा खुल्ने समयमा हाजिर हुन आफै वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला । ऐन बमोजिम पुर्पक्ष हुने छ । अन्यथा कानुन बमोजिम तपसिलको जग्गामा माग दावी बमोजिम भई जाने छ । म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुर वाजुर लाग्ने छैन ।

**तपसिल**

| क.सं. | ज.ध. | मोही | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | विजय कुमार वस्नेत | देवकी देवी थरुनी | जण्डौल | ८ (क)<br>" | २७५<br>१४६ | ०-८ -१०<br>०-७ -१५ | |

---

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय ससरी,राजविराज

मिति :-२०८२/०८/१७

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ९ देवी लाल चौधरी कलवारको नाममा कायम रहेका साविक प्रगन्ना मालझमुना मौजे खोजपुर सा.कि.नं. ५३४ को ज.वि. ०-२-१६ मध्ये ०-१-८, ऐ.ऐ. सा.कि.नं. ५०० को ज.वि. ०-११-१६ मध्ये देवी लाल चौधरीको नाममा ७ नं. फाटवारीमा जि.स.पं. खोजपुर सा.कि.नं. ५३४ को ज.वि. ०-१-८, ऐ.ऐ. सा.कि.नं. ५०० को ज.वि. ०-९-१६ कायम भएको जग्गा कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स खोजपुर बडा नं.२ हाल खडक न.पा. वडा नं. ५ बस्ने देवी लाल चौधरी कलवारको बुहारी राम चलित्र चौधरी कलबारको पत्नी सुनर बति चौधरी-१ र ऐ.ऐ बस्ने देवी लाल चौधरी कलवारको बुहारी राम नारायण चौधरी कलवारको पत्नी श्रीमती जैमन्ती देवी कलवार -१ समेत २ को यस कार्यालयमा द.नं. ७११३ मिति २०८२/०८/१० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५३४<br>५०० | देवी लाल चौधरी कलवार | खोजपुर | १क<br>१क | ५३<br>८३ | ०-१-११<br>०-५-१०.५ | सुनर बति चौधरी<br>श्रीमती जैमन्ती देवी कलवार | यो जग्गा फिल्डबुकको किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कि.नं. ८३ को कैफियत महलमा देवी लाल चौधरी कलबारको नम्बरी हो, कि.नं ५३ को ज.ध. महलमा अशियावति कलवारनी जनिएको। |

---

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय ससरी,राजविराज

मिति :-२०८२/०८/१९

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४ देव सुन्दर सिंको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे प्रसाही सा.कि.नं. २६९ को ज.वि. ०-१०-७ २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स. कोइलाडी वडा नं.३ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. ४ वस्ने महेश्वर प्रसाद सिंहको बुहारी मोहन प्रसाद सिंकी पत्नी श्रीमती मनोरमा देवी सिंहको यस कार्यालयमा द.नं. ३०९९४ मिति २०८२/०३/१२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी . प्रति. गोचर. समसानघाट. पैनी. पौवा. पार्क. हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २६९ | देव सुन्दर सिं | मधेपुरा | ५ | २४१ | ०-१०-० | श्रीमती मनोरमा देवी सिंह | यो जग्गा फिल्डबुकको ज.ध. महलमा मोहन प्रसाद सिं, किसान को महलमा प्रमेश्वर मण्डल मधैया धानुक, किसानको व्यहोरा महलमा यो जग्गा कोईलाडी बस्ने महेश्वर प्रसाद सिंको नम्बरी हो जनिएको। |

---

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. २९ खुशी लाल साहु नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे हटेल बसबिट्टीको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. तरही वडा नं. ५ हाल परिवर्तित डाक्नेश्वरी न.पा. वडा नं. ३ वस्ने रामलखन साह-१ राजकुमार साह तेली-१ विष्णुदेव साह-१ समेत- ३ जनाको यस कार्यालयमा द.नं. ६४९४ मिति २०८२/०८/०१ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०८/१९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३२ | · तरही | ६ | १०४ | ०-९-१९ | खुशी लाल साहु | फिल्डबुक को कैफियत महलमा यो जग्गा तरही वडा नं. ५ बस्ने खुशी लाल साहुको नम्बरी हो भनि उल्लेख रहेको र किसान महलमा कुशेश्वर साहु रौनियार जनिएको । |

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*